*Unity Journal*
Vol. III, 364-374, 2022
Doi:https://doi.org/10.3126/unityj.v3i01.43338
Prithvi Narayan Shah Research Center
Directorate General of Military Training, Nepali Army
Kathmandu, Nepal

# मधेशमा नागरिक-सैनिक सम्बन्धको नविकरण

**राकेश प्रसाद चौधरी**

**लेखसार**

*यो अनुसन्धान अन्वेषणात्मक एवं विश्लेषणात्मक ढाँचामा आधारित छ । यो अध्ययनको क्षेत्र हालको महोत्तरी केन्द्रित गरिएको छ । पूराना दस्तावेज अध्ययन, सरोकारवालासहितको अन्तर्वार्ता, नागरिक र सेनाको सम्बन्ध झल्किने स्थलहरुको अवलोकन सहितको जानकारीसँगै तत्कालिन समयमा कम्पनीको सेनालाई असहयोग गर्ने नागरिकहरूबारेको जानकारी समेट्ने प्रयास गरिएको छ।यी सहयोगीहरूको नाम इतिहासको पानामा लिपीबद्ध गर्न यो अध्ययनले सहयोग पुर्‍याउनेछ । यस अध्ययनको लागि दस्तावेज अध्ययन, सरोकारवालाको अन्तर्वार्ता र स्थलगत अवलोकन विधिको प्रयोग गरिएको छ।नेपालको मधेश प्रदेशका यी क्षेत्रहरु तत्कालिन गोर्खा राज्यमा समावेश भएदेखि हालसम्म सेना र नागरिकबीच कायम भएका महत्वपूर्ण सम्बन्ध र भविष्यमा हुन सक्ने सम्बन्ध विस्तारका उपायहरू यस अध्ययनमा प्रस्तुत गरिएको छ । राजा पृथ्वीनारायण शाहको गोर्खाली सेनासँग सिन्धुलीमा युद्ध लड्न सन् १७६७ मा आएका इष्ट इन्डिया कम्पनीको सेनालाई तत्कालिन महोत्तरी प्रदेशका नागरिकहरूले असहयोग गरि तत्कालिन राज्यका संयन्त्रसँग विस्तार गरेको नागरिक सैनिक सम्बन्ध हालसम्म कायम छ।नेपाल राज्यमा गाँभिएको तत्कालिन सेन राज्यको महोत्तरी प्रदेश हाल मधेश प्रदेशमा पर्छ । अहिलेको अवस्थामा नेपाली सेनाले बाढी, आगलागी, भुकम्पलगायतका विपद्मा नागरिकको उद्धार , स्वास्थ्य शिविरहरू संचालन , पुरातात्विक स्थलहरूको संरक्षणमा नागरिकसँगको सहकार्यको गर्दै आएको छ।यी कार्यहरूबाहेक यस क्षेत्रका नागरिकबाट सेनासँग जिल्लामा स्थायी शिक्षण अस्पताल तथा शिक्षण संस्थान, प्राविधिक शिक्षालय, पुरातत्वस्थलको पुनर्निमाण, प्राचिन सामग्री तथा दस्तावेजहरूको संग्रहालय निर्माणमा सहकार्यको लागि सुझाव आएका छन् । त्यही यस क्षेत्रका जनताले राष्ट्रिय सुरक्षामा असर गर्ने बिदेशी घुसपैठ रोक्न सेनालाई सघाउने प्रतिबद्धता जनाएका छन्। औपचारिक मार्गबाहेक भारतसँगको खुल्ला सिमानाका कारण मधेश प्रदेशको विभिन्न मार्ग भएर आउने तेस्रो मुलुकका संकास्पद नागरिकहरूबारे सेनासँग निरन्तर सहकार्य गर्न यहाँका नागरिक तयार देखिएका छन् । अन्वेषणात्मक एवं विश्लेषणात्मक ढाँचामा आधारित यस अनुसन्धानले अंग्रेज सैनिक किर्तिपुरका राजा जयप्रकाश मल्ललाई सहयोग गर्न सेन राज्यमा प्रवेश गर्दादेखि नै असहयोग भोग्न थालेका थिए।तत्कालिन महोत्तरी राज्यका बासिन्दाको असहयोग,बर्षा र बाढी र भौगोलिक बिकटताको कारण अंग्रेज सैनिकलाई गोर्खाली सेनाले परास्त गरेका थिए।यही युद्धले यस क्षेत्रलाई नेपालीकरण हुन मद्दत गरेको हो ।*

**शब्दकुञ्जी**: नेपाल, सेन राज्य, मीर काशिम, गोर्खाली सेना, इष्ट इन्डिया कम्पनी, क्यापटेन किनलक, नेपाली सेना, नागरिक, महोत्तरी, सिन्धुली, विपद् र पुरातत्व, सीमाना, सुरक्षा, मधेश प्रदेश ।

## पृष्ठभूमि

नेपालको सौन्दर्यता र सामरिक महत्वमा यस क्षेत्रको भौगोलिकताको स्थान उत्कृष्ट छ । हिमाल, पहाड, तराई, मधेशका नागरिकबीच रहेको समन्वय र राजनीतिक परिवर्तनले अहिले संघियताको अभ्यास गरिरहेका छौं । नागरिक आन्दोलनले निम्त्याएको परिवर्तनले २०७२ सालमा नेपालको संविधानले तराई मधेशको पर्सादेखि सप्तरीसम्मको ८ जिल्लालाई प्रदेश २ भनेर पहिचान गरेकोमा प्रदेश सभाले मधेश प्रदेश नामाकरण गरेको छ । बृद्धको जीवनको उतराद्ध समयमा यो क्षेत्र बज्जि संघको सदस्य थियो (सप्तरी,२०७५वि.सं.) । बज्जी संघमा यो क्षेत्रको प्रतिनिधित्व गर्ने बिदेहबाहेक उग्रभोग, इच्छवाकु, कौखा, ज्ञात्री, लिच्छवी र बज्जिसहितका स-साना राज्यहरू आवद्ध थिए । बिदेह राज्यको सीमाना पूर्वमा कोशी र पश्चिममा गण्डकीसम्म थियो।नेपालमा प्रत्येक बर्ष झौ २०७८ सालमा २५६५ औं बुद्ध जयन्ती मनाइएको थियो ।

समयको परिवर्तनसागै डोय, मकवानपुरराज्य हुदै अहिले यो क्षेत्रको नेपालीकरण भइसकेको छ । डोय राज्य संचालन गर्न मटिहानी, जलेश्वरसहितका क्षेत्रमा सेना राख्नको लागि विभिन्न गढीहरू बनाइएको थियो । मकवानपुर सेन राज्यको समयमा पााच प्रान्तमध्ये महोत्तरी र सप्तरी प्रमुख थियो(लिम्बु,सन् २०१८) । तत्कालिन समयदेखि अहिलेसम्म यस क्षेत्रका नागरिक र सेनाबीचको तनाब र सहकार्यको लामो फेरिहस्त छ।यस क्षेत्रका बासिन्दाले सन् १७६७ मा इष्ट इन्डिया कम्पनीको अंग्रेज सैनिकलाई असहयोग असहयोग गरेर तत्कालिन गोर्खाली सेनालाई कान्तिपुर राज्यमा आधिपत्य जमाउन सहयोग गरेका थिए(वस्नेत,सन्२०१८) । गोर्खाली सेनाले कान्तिपुर राज्यमा लगाएको नाकाबन्दी खोलाउन तत्कालिन सेन अर्थात मकवानपुर राज्यको मटिहानी आइपुगेको अंग्रेज सेनालाई खाधान्न उपलब्ध नगराई युद्धको तयारी बिना नै ठाउ छोड्न बाध्य बनाएका थिए । तत्कालिन समयमा अंग्रेज सेना बसेको ठाउालाई 'गधहवा' गढ भन्ने गरिन्छ । अंग्रेज सेनालाई गधाको संज्ञा दिई मटिहानीको आवर गाउामा रहेको यस ठाउालाई अहिले गधहवा भन्ने गरिन्छ ।

गोर्खाली सेनालाई सहयोग गरिएको घटना थोरै मटिहानीवासीका पूर्वजले सुनाएका छन्।अंग्रेज सेनालाई असहयोग गरेका परिवार एवं अगूवाहरूबारे यी क्षेत्रका बासिन्दा अनभिज्ञजस्तै छन् । मटिहानीमै १७७५ सालमा स्थापित संस्कृत पाठशाला(राजकीय संस्कृत माध्यमिक विद्यालय) परिसरभित्र नेपाली सेनाले २०७८ सालमा अन्नपूर्ण भोजनालय निर्माण गरेको छ।प्रदेश २ को प्रतिनिधित्व गर्ने मटिहानीबाहेकको क्षेत्रमा समेत नेपाली सेनाले नागरिक सम्बन्ध विस्तारको क्रममा सर्पदंश उपचार केन्द्र, स्वास्थ्य शिविर, विपद्मा उद्धारसहितको कार्यमा अग्रसर रहँदै आएको छ ।

## विधि

यस अध्ययनको लागि प्राथमिक स्रोतका रुपमा स्थानीय जानकारहरूसँगको अन्तवार्तालाई लिइएको छ । यसका लागि १० जनासँग अन्तवार्ता लिइएको छ।द्वितीय स्रोतका रुपमा प्रकाशित क्यापटेन किनलकको डायरी, लेख, पुस्तकहरु, सरकारी प्रतिवेदन तथा दस्तावेजहरु, पत्रपत्रिका, जर्नल, इन्टरनेट स्रोत आदिको प्रयोग गरिएको छ । दुबै स्रोतबीचमा रहेका समान तथा असमान जानकारीहरूको विश्लेषण गरि आलेख तयार गरिएको छ।यस आलेखमा तपसिलका प्रश्नको उत्तर खोज्ने प्रयास गरिएको छ । प्रश्नः अध्ययन अनुसन्धानको क्रममा पंक्तिकारले उत्तरदाताहरुसाग मुख्य रुपमा तीनवटा प्रश्न सोधेका थिए ।

१.सिन्धुलीमा लडाई लड्न छिरेका अंग्रेज सेना जनकपुरको कुन ठाउँमा बसेका थिए?

२.अंग्रेज सेनालाई असहयोग गर्ने अगूवा एवं अन्य को को थिए?

३.नागरिक र सेनाबीच यस क्षेत्रमा कस्तो सम्बन्ध हुनुपर्छ?

**विषयको विश्लेषण**

नागरिकसँगको सैनिकको सम्बन्ध कस्तो रहेमा राज्यलाई अधिक फाइदा हुन्छ भन्ने कुराको अनुसन्धान र अध्ययनको कम अझैसम्म जारी छ । प्राचिन समयमा सैनिकको मुख्य काम कर असुली गर्ने, राज्यको सीमाना सुरक्षा गर्ने एवं शत्रु राज्यसँग युद्ध लड्नेमा सिमित थियो । नेपाल राज्य बिस्तारमा तत्कालिन गोर्खा सैनिकको निकै ठुलो भूमिका थियो । तत्कालिन गोर्खा सैनिक नेपाली सेनामा रुपान्तरित भएको अवस्थामा रक्षा र बिपद् सुरक्षाबाहेक अन्य देशमा शान्ति स्थापनार्थ खटाइने गरिएको छ ।

अनुसन्धाकर्ताले सिन्धुलीगढीमा अगस्त १,२०२१ को दिन युद्ध संग्रहालयको अवलोकन गर्न पुगेको बेला एउटा डकुमेन्ट्री हेरेको थियो । त्यसमा इष्ट इन्डिया कम्पनीको सेनालाई बीरताका साथ गोर्खाली सेनाले हराएको विषयवस्तु थियो । त्यसै डकुमेन्ट्रीमा जनकपुर उपमहानगरपालिकाका प्रमुख लालकिशोर साहले तत्कालिन समयमा जनकपुर क्षेत्रका दानदेव चौधरी,गोपाल दास,गुलाव रायसहितका अगुवाहरूले अंग्रेज सेनालाई असहयोग गरेको भनाई सुनिदैं आएको टिप्पणी गरेका थिए ।

जनकपुर उपमहानगरपालिकाका प्रमुख लालकिशोर साहले नाम लिएका मध्ये दानदेव चौधरीको नाम अंग्रेज सेनाको नेतृत्वकर्ता क्यापटेन किनलकको डायरीमा समेत उल्लेख छ (वेल,सन् २०१२)। यस अध्ययनलाई चारखण्डमा बाँडेर प्रस्तुत गरिएको छ । पहिलो खण्डमा तत्कालिन गोर्खाली र अंग्रेज युद्धको नालीबाली प्रस्तुत गरिएको छ । यसै खण्डमा तत्कालिन सेना राज्यका बासिन्दाले नेपालीकरणको प्रक्रियामा पुऱ्याएको योगदानबारे चर्चा गरिएको छ।

दोस्रो खण्डमा गोर्खाली सेनासँग बंगालका शासक मीर काशिमको हारबारे चर्चा गरिएको छ।मकवानी राज्य कब्जा गर्ने कममा पृथ्वीनारायण शाहको गोर्खाली सेनाबिरुद्ध लड्न आएका मीर काशिमका सेना हार खाएका थिए।तेस्रो खण्डमा दुई शताब्दीभन्दा अगाडि अंग्रेज सैनिकहरू बसेका ठाउँको भौगोलिक र भौतिक अवस्थाबारेको अवलोकन समावेश गरिएको छ।यस खण्डमा तत्कालिन समयमा प्रयोग भएका गढ एवं डिहहरूबारे अवलोकनबाट आएका जानकारी एवं विश्लेषण गरिएको छ।चौथो खण्डमा एतिहासिक सम्पदा संरक्षणमा सैनिकको भूमिका,पाँचौ खण्डमा सिन्धुलीगढीको युद्ध संग्रहालय र पर्यटन एवं छैठौं अर्थात अन्तिम खण्डमा अध्ययनको निष्कर्ष प्रस्तुत गरिएको छ ।

**प्रथम खण्ड**

***गोर्खाली र अंग्रेज युद्धको नालीबेली***

सन् १७६७ को अगस्त महिनामा किर्तिपुर राज्यमा पृथ्वीनारायण शाहले नाकाबन्दी गरेपछि उत्पन्न भएको संकटमा सहयोग गर्न इष्ट इन्डिया कम्पनीको कलकत्तास्थित कार्यालयमा त्यहाँका राजा जयप्रकाश मल्लले पत्राचार गरेका थिए ।

तत्कालिन समयमा मध्य तराई मधेशको भाग मकवानपुर सेन राज्यको ‘करद’ क्षेत्र थियो।यस क्षेत्रमा कर असुली गरि सेन राजाले दरभंगाका महाराजालाई नजराना पठाउने गर्थे। मकवानी राजा मणिक सेनले १७६६ सालमा मटिहानीमा बैष्णव सम्प्रदायको ठुलो लक्ष्मीनारायण मन्दिर निर्माण गराएका थिए (उपाध्याय,२०६५वि.सं.) ।

त्यसपछि १८०३ र १८०४ सालमा राजा हेमकर्णले मठलाई विरजा नदीपारीको जग्गा लालमोहरमार्फत दिएका थिए। कूवा स्थानलाई १८१० सालमा मटिहानीसँग विवाद नगर्ने शर्तमा राजा हेमकर्णले तामपत्रमा प्रदान गरेका थिए । अंग्रेज सैनिकका क्यापटेन किनलकले आफूलाई सहयोग गर्ने पथप्रदर्शक फकिर रामदासको चर्चा डायरीमा गरेका छन्।रामदासबारे विभिन्न धारणाहरू मटिहानी क्षेत्रमा रहेको पाइन्छ ।

फकिर रामदास सन्याशीहरुसँग विहार, बंगाल, उडिसा एवं किर्तीपुर एवं उपत्यका अन्य राज्यहरूमा निर्वाध रूपमा तिर्थाटन गर्ने गर्थे।मकवानपुरका सेन राजाहरूले मटिहानीलाई वैष्णव सम्प्रदायको प्रमुख स्थल बनाएकोले यस ठाउँका प्रमुखलाई सबै ठाउँमा आदर गर्ने गरिएको थियो । सोही कारण त्यहाँको सन्देश सहजै इष्ट इन्डिया कम्पनीको बेतिया एवं पटनास्थित कार्यालयहरुमा पुऱ्याउन सकेका थिए । राजा जयप्रकाश मल्लका अर्का पत्रबाहक मुक्तानन्द थिए । मुक्तानन्दको थर क्यापटेन किनलकको डायरीमा उल्लेख छैन । किर्तीपुरका राजाको अनुरोधमा पटनाबाट क्यापटेन किनलकको २४०० सेनाको टुकुडी २७ अगस्त १७६७ मा काठमाण्डौका लागि हिडेको थियो । अंग्रेजले हाल विहारको पुपरीदेखि उत्तरतर्फको क्षेत्रलाई जनकपुरको रुपमा लेख्ने गरेका थिए । पुपरीको आधिकारिक नाम जनकपुर रोड हो । अंग्रेज सैनिक जनकपुर पुगेपछि फकिर रामदासले ती सैनिकहरूलाई मटिहानीको वीरजा नदीपारीको झाटापुर गढ (हाल रंजितपुर झाटा)मा राखेका थिए (साहु,सन्२०२१) ।

झाटापुरमा सैनिकको व्यबस्थापनमा समस्या भएपछि उनीहरूलाई दुधमती नदीको नहर किनारमा रहेको पूरानो गढ (गदहवा) तथा आवर, डुमरिया, भलुवाहा र पिपरहिया डिहमा राखिएको थियो । पूरानो गढ, झाटापुर तथा माथि उल्लेखित डिहहरूबाट चतुर्भुज आकारको ईटा, सिक्का, पूरानो भाँटावर्तन भेटिने गरेको छ । मटिहानीका रामखेलावन साहले गदहवा गढमा पूरानो तरवार भेट्टाएका थिए।पचास बर्ष अगाडि साहले भेट्टाएको तरवार लगायतको सामानबारे अहिले कसैलाई जानकारी छैन । रामखेलावनका परिवार यस ठाउँबाट बिस्थापित भइसकेका छन् । यी ठाउँहरूबाट भेटिएको ईटा डोय (नान्य) वा त्यो भन्दा पूरानो जमानाको हुनसक्ने सम्भावना छ ।

मानव बसोबास विहीन भइसकेको झाटापुरलगायतका क्षेत्र जंगलमा परिणत भएपनि पूराना गढ र डिहहरूमा भवनको खण्डहर र पुग्ने बाटो थियो । क्यापटेन किनलकले डायरीमा चर्चा गरेको पटना-जलादवाससम्मको बाटो सजिलो रहेको अनुमान गरेपनि बर्षा र बाढीको कारण उनीहरुलाई निकै समस्या भोग्नुपरेको थियो । अंग्रेज सैनिकहरू राखिएको ठाउँभन्दा जलाद नदीको किनार नजिकै थियो ।

फकिर रामदासलाई मकवानी राजा हेमकर्णले नदीपारीको क्षेत्र लालमोहरमार्फत प्रदान गरेकोले यस क्षेत्रमा अंग्रेज सैनिकलाई राखिएको थियो । बाढीको समय रहेकोले क्यापटेन किनलक सैनिकलाई यहाँसम्म आइपुग्न धेरै समय लागेको थियो । अंग्रेज सैनिकलाई खाधान्न आपूर्तीका लागि तीन महिना अगाडि नै यहाँका ब्यापारी दानदेव चौधरीलाई जिम्मेवारी दिइएको भने बसोबासको ब्यबस्थापन गर्ने जिम्मेवारी रामदासको थियो ।

अंग्रेज सैनिक मटिहानीसम्म आइपुग्दा भीषण बर्षाको सामना गर्नुपरेको थियो । त्यति बेला 'झपसी' लागेको थियो । लगातार दुई/तीन हप्तासम्म बर्षा हुने क्रमलाई झपसी भन्ने गरिन्छ । झपसीको बेला किसानहरू घरमा संरक्षित गरेको खाधान्नले खानाको ब्यबस्थापन गर्थे ।

सेप्टेम्बर १०, १७६७ मा किनलेक तीनदिनदेखि भइरहेको हिंसक बर्षाको चर्चा गरेका थिए साथै ब्यापारी चौधरीलाई खाधान्न आपूर्तीको लागि पाँच दिन दिइएको थियो । जलादवासबाट जनकपुरहुँदै सिन्धुलीको यात्रा चारदिनमा गर्न सकिने अनुमान गरिएको थियो । तर भीषण बर्षाले योजना केही फेरिएको थियो । ब्यापारी दानदेव चौधरीले थोरै खाधान्नको ब्यबस्था पनि गरिसकेका थिए । पछि ब्यापारी सम्पर्कविहीन भए र अंग्रेज सैनिक भोकको शिकार हुनुपर्यो । फकिर रामदास पनि सल्लाह नमानेकोले क्याप्टेन किनलकसँग दूरी बनाएका थिए ।

खाधान्न संकटको सामाना गर्दै तोपसहित अंग्रेजी सैनिक ३० घण्टाको भोको पेट सिन्धुलीमाढी कब्जा गरेर अन्न कब्जा गरेका थिए । जंगलमा बिताएको

कष्टपूर्ण यात्राबारे किनलकले आफ्नो डायरीमा धेरै कुरा लेखेका छन् । अन्ततः गोर्खाली सैनिकसँगको युद्धमा २४०० मध्ये १६०० अंग्रेज सैनिकले ज्यान गुमाएका थिए।यो युद्धमा गोर्खाली सेनाको विजय भएपछि नेपाल कब्जा गर्न सजिलो भएको थियो।

अंग्रेज सैनिकको झापापुरमा व्यबस्थापन गर्न समस्या भएपछि उनीहरूलाई दुधमती नदीको नहर किनारमा रहेको पूरानो गढ(गधहवा) तथा आवर, डुमरिया, भलुवाहा र पिपरहिया डिहमा राखिएको थियो । पूरानो गढ, झापापुर तथा माथि उल्लेखित डिहहरूबाट चतुर्भुज आकारको ईटा, सिक्का, पूरानो भाँटावर्तन भेटिने गरेको छ । मटिहानीका रामखेलावन साहले गदहवा गढमा पूरानो तरवार भेट्टाएका थिए । पचास बर्ष अगाडि साहले भेट्टाएको तरवार लगायतको सामानबारे अहिले कसैलाई जानकारी छैन । रामखेलावनका परिवार यस ठाउँबाट बिस्थापित भइसकेका छन् । यी ठाउँहरूबाट भेटिएको ईटा डोय(नान्य) वा त्यो भन्दा पूरानो जमानाको हुनसक्छ ।

मटिहानीमा रहेका स्थानीयले अंग्रेज सैनिकलाई गधा भनेर सम्बोधन गर्न उनीहरु बसेको गढलाई गधहवा भन्न थालेका थिए । अहिले त्यो ठाउँलाई गदहवा डिह भन्ने गरिन्छ(साह,२०७८) । यहाँ पूरानो ईटाहरू अहिले पनि भेटिन्छ।बाढी आएको बेला पूरानो चतुर्भुज आकारको पातलो ईटा यत्रतत्र भेटिन्छ । यो गढको जग्गा अहिले नीजि भइसकेको छ(महतो,२०७८वि.सं.) । पंक्तिकार आफै झापापुर, गधहवा, आवर, डुमरिया, पिपरहिया, भलुवाहा सहितका ठाउँमा अवलोकन गर्दा यी ठाउँहरु अन्य जग्गाको तुलनामा उँचो स्थानमा रहेको तथा त्यहाँ भग्नावशेष देखेका छन् ।

अंग्रेज सैनिक मटिहानी लक्ष्मीनारायण मठ अथवा संस्कृत पाठशालाभन्दा पूर्वतर्फ रहेको उत्तर-दक्षिणको पातलो जंगलको बाटो भएर वीरजा नदी पार गरेर झापापुर लगायतका ठाउँमा पुगेका थिए । उनीहरू जनकपुर रोड हुँदै मटिहानीसम्म आउँदा स्थानीय कसैले पानी पनि दिन मानेका थिएनन।अंग्रेज सैनिकको लागि खाधान्न आपूर्तीको ठेक्का लिएकालाई जलेश्वर, जनकपुरसम्मका किसानले अन्न दिन मानेका थिएनन( कर्ण,२०७८) ।

अंग्रेज सैनिक सिन्धुली जाने क्रममा मटिहानीकै बाटो प्रयोग गरेका थिए । मटिहानीमा यी सैनिक आउनुभन्दा ५० बर्ष अगाडिदेखि नै संस्कृत पाठशाला संचालनमा थियो । यो पाठशाला काशी(वनारस)पछिको ठुलो पाठशाला थियो (पौडेल,२०७८) । तत्कालिन समयमा मठको छेउमा सानो बस्ती थियो भने त्यसको पूर्वतर्फ जम्मा पाँचवटा घर मात्र थियो । तीमध्ये उमराव चौधरीका परिवारबाहेक अन्य साह परिवार थिए । उमराव चौधरीका पूर्वज दानदेव चौधरी थिए वा थिएनन् भन्ने अवस्था छैन । यी परिवारहरू यहाँबाट बिस्थापित भइसकेका छन् ।

झापापुर गढ कसले बनाएका थिए भन्ने अन्वेषण हुन सकेको छैन । अंग्रेज सैनिकलाई राख्न यो गढ रामदासले बनाएको हो वा होइन भन्ने जानकारी कसैसँग छैन । यस गढमा अहिले पनि कुनै मानिस आउन मान्दैनन् । यहाँ एउटा पोखरी पनि छ । पूरानो मानिसहरूले गढबाट टाउँको नभएको मानिस राँगामा चढेर घुम्ने गरेको कथा सुनाउने गर्छन्(कापर,२०७८)। अंग्रेजको सैनिक टुकुडीमा यस क्षेत्रका मानिससँग मिल्दोजुल्दो अनुहारका पनि थिए।क्यापटेन किनलकले आफ्नो डायरीमा ‘ ब्ल्याक’ सिपाहीसँग खाना माँगेर खाएको लेखेका छन् । मटिहानी, जनकपुर वा जलेश्वर क्षेत्रका बासिन्दासँग अंग्रेज सैनिकहरूको अनुहार मिलेपनि उनीहरू यस क्षेत्रको भौगोलिक स्थितीबारे अनभिज्ञ थिए । यो क्षेत्र जहिल्यै दोहरो शासन झेल्नु परेको थियो।उदाहरणको लागि वंगाल, दिल्लीका शासकहरू सैन्य सुरक्षावापतको कर प्रत्यक्ष शासन गर्ने करद राजाहरुबाट असुल गर्थे । करद राजा भनेको आफूभन्दा ठुलो सैन्य शक्ति भएको राजालाई कर बुझाएर कुनै क्षेत्रमा आफ्नो शासन संचालन गर्नु हो ।

यस क्षेत्रका बासिन्दाले पुनःअंग्रेजसँग प्रत्यक्ष रुपमा शासित हुनपर्ने देखेर अंग्रेजी सैनिकलाई असहयोग गरेका

थिए।गोर्खाली सेनाले सिन्धुलीगढीमा विजय हासिल गरेपछि त्यसको केही अन्तरालपछि मकवानपुर सेन राज्यको अधिनमा रहेको महोत्तरी तथा सप्तरीसहितका राज्यमाथि पृथ्वीनारायण शाहले शासन गर्न थाले। उनले वैष्णव सम्प्रदाय तपस्वीहरूलाई मटिहानीमा विशेषाधिकार दिएका थिए।त्यहाँ त्यसको जिम्मेवारी मठाधीश र उनका सन्तानलाई दिएका थिए(क्यानाडिन र प्राइस,सन्१९८७)।

अंग्रेज सैनिकलाई असहयोग गरेको श्रेय सबैभन्दा बढी मठिहानी मठले प्राप्त गरेको छ।जनकपुर उपमहानगरपालिका मेयर लालकिशोर साहले तत्कालिन समयमा असहयोग गर्न अगुवाहरू गोपाल दास, गुलाव राय मात्र नभई दानदेव चौधरीको सन्ततीबारे यस क्षेत्रमा कसैसँग कुनै जानकारी ठोस जानकारी छैन।यस क्षेत्रहरू घर बनाउँदा, सिंचाईका लागि नहर बनाउँदा वा खेत जोत्दा पूराना ईटा, पैसा प्राप्त हुने गर्छ। त्यसको खासै बास्ता हुनेगर्दैन(राय,२०७८)। मटिहानीभन्दा तीन किलोमिटर पश्चिमतर्फ विष्णुपुर गढी र सात किलोमिटर पश्चिमतर्फ जलेश्वर गढी छ। यी गढीहरू डोय राज्यका संस्थापक नान्यदेवले निर्माण गराएको मानिन्छ।

अंग्रेज सैनिकको बसोबासका लागि छनौट गरिएको गढहरू खण्डहरजस्तो रहेको स्वयं किनलकले आफ्नो डायरीमा चर्चा गरेका छन्।यस अर्थमा यो यकिन गर्न सजिलो हुन्छ कि ठाउँमा पूराना गढ थियो।

सिन्धुलीगढीको युद्धमा अंग्रेज सैनिकको सामना गर्ने पौवागढीमा तैनात काली बक्स कम्पनी, श्रीनाथ पल्टन, वर्ज बहादुर कम्पनी, गोरख कम्पनी, सबुज कम्पनी थिए। किनलकको फौजलाई परास्त गर्ने गोर्खाली सेनाको नेतृत्व काजी वंशराज पाँडे, काजी हर्ष पन्त,सर्दार रामकृष्ण कुँवर,शिकारी अफिसर बंशु गुरुङ, खजान्ची वीरभद्र उपाध्याय थिए(खत्री,२०४१)।

सिन्धुलीगढीमा निर्मित युद्ध संग्रहालयमा अंग्रेजी सैनिकका नेतृत्वकर्ताको नाम समेत राखिएको छ। हुनत:धेरैजसो देशहरुले आफ्नो युद्ध संग्रहालयहरूमा युद्ध लड्न आएका दुश्मनको नाम र उनको बहादूरीबारे पनि चर्चा गर्छन्। सिन्धुलीगढीमा गोर्खाली सेनालाई सहयोग तराई मधेशका सहयोगीहरूको नाम अझै संकलन गरिएको छैन। तत्कालिन समयमा अंग्रेज सैनिकलाई असहयोग गर्नेहरुको दस्तावेजीकरण हुन सकेको छैन। किनलकको डायरीलाई मात्र आधार मान्ने अवस्था देखिन्छ।उनले डायरीमा मुक्तानन्द,रामदास र दानदेव चौधरीको नाम उल्लेख गरेका छन्।यस बाहेकका मटिहानी,जलेश्वर,जनकपुरका सामन्त किसानहरूको नाम कहींकतै उल्लेख छैन।

**दोस्रो खण्ड**

***गोर्खाली सेनासँग मीर काशिमको हार***

सन् १७६० मा इष्ट इन्डिया कम्पनीले मीर काशिमलाई बंगाल,ओडिसा र विहारका नबाब स्विकार गरेपछि उनले तीनबर्षसम्म त्यस क्षेत्रमा शासन चलाएका थिए। उनले राजधानी मुर्सिदाबादबाट हालको भारत अन्तर्गत बिहार राज्यमा पर्ने मुंगेरमा स्थानान्तरण गरेका थिए। गोर्खाका राजा पृथ्वीनारायण शाहले मकवानपुरका राजा बिक्रम सेनलाई सन् १७६३ मा बन्धक बनाएपछि उनको सहयोगका लागि सैनिक पठाए पनि सफल हुनसकेका थिएनन्। राजा बिक्रम सेनलाई सहयोग गर्न विहारका ब्यापारी कनक सिंहले आग्रह गरेका थिए(शाह,२०१२)।

नबाब काशिम सेना मटिहानी भएरै चुरेक्षेत्रमा गएका थिए। उनीहरूको सेनामा मुसलमान अधिक थिए। मकवानपुरका राजा बिक्रम सेनलाई सहयोग गर्न आएका सेनाले हार खाएपछि थोरै सेना मात्र फिर्ता भए र बाँकि मटिहानी आसपासकै क्षेत्रमा बसोबास गर्न थालेका थिए(साहु,सन्२०२१)।

बंगालका नबाब काशिमले विहारकै मुंगेरमा राजधानी संचालन अधिक मात्रामा सैनिक तयार गरि तत्कालिन मकवानपुर राज्यमा कब्जा जमाउन सोच बनाइरहेका बेला फकिर रामदास राजा हेमकर्णको सम्पर्कमा आएका थिए। मकवानपुर राज्य पाँच प्रान्तमा बाािडिएका पूर्व र

मध्य तराईको शासनभार हेमकर्णको हातमा थियो । त्यही बेलादेखि फकिर रामदास सेन राजाका प्रिय पात्र बनेका थिए र गोर्खाली सेनासँग युद्ध लड्न इष्ट इन्डियासँग सम्बन्ध विस्तारका लागि फकिर रामदासलाई प्रयोग गरिरहेका थिए ।

बंगालका शासक इष्ट इन्डिया कम्पनीकै लागि घातक बन्न थालेपछि उनलाई सन् १७६३ मै पदमुक्त गरिएको थियो।त्यसपछि विहार,उडिसा,बंगालमा अंग्रेजको दबादबा बढेको थियो ।

**तेस्रो खण्ड**

***वर्तमानमा अंग्रेज सैनिकहरू बसेका ठाउँको अवस्था***

अंग्रेज सैनिक आफ्नो सामरिक अधिनस्तको क्षेत्रबाट किर्तिपुर हिड्न तत्कालिन मकवानी सेन राज्य अन्तर्गतको महोत्तरी प्रान्तको जलेश्वरमा प्रवेश गरेका थिए । सन् १७६७ मा किर्तीपुरका राजा जयप्रकाश मल्ललाई सहयोग गर्न सिन्धुलीको बाटो हिँड्न योजनामा रहेको अंग्रेज सैनिकको पहिलो आश्रयस्थल झाटापुर थियो । झाटापुर जलेश्वरबाट १० किलोमिटर पूर्व दक्षिण दिशामा पर्छ। अहिले यसलाई रंजितपुर झाटा भन्ने गरिन्छ । यहाँ एउटा पूरानो पोखरी छ । गढ भनिएको खेतभन्दा उँचो ठाउँ दिनानुदिन साँगुरिएको देखिन्छ ।

अहिले गढको जग्गा बढीमा पाँच कठ्ठा मात्र होला । पोखरी समेतको जग्गा जोड्दा दुई बिग्हाभन्दा पनि बढी हुन जान्छ। यस गढमा हत्तपत्त मानिसहरू आउने गर्दैनन् । यस गढको बारेमा केही अन्धविश्वास मटिहानी क्षेत्रमा कायम छ।यस गढका शासकको घाँटी छिनिएको र अझैसम्म त्यसको मृतआत्मा घुम्ने गरेको अन्धविश्वास कायम छ। झाटापुर गढका शासक छिनिएको टाउँकोमै राँगामा सवार भई यस क्षेत्रको भ्रमण गर्ने गरेको कथा अझैसम्म यस क्षेत्रमा सुन्न सकिन्छ ।

झाटापुर गढभन्दा चार किलोमिटर उत्तर पूर्वतर्फ मटिहानी नगरपालिका-३ मा आवर गढ र गदहवा गढ पर्छ । आवरमा गढको अवशेष कत्तै देखिन्न।यहाँ बस्ती बिस्तार भइसकेको छ । आवर गढ भनेर ठाउँको पहिचान भएपनि गढको अवशेष देखिन्न ।

त्यही आवरभन्दा एककिलोमिटर पूर्वतर्फको गदहवा गढ छ।यहाँ खेतीको लागि खन्दा पूरानो ईटाहरु भेटिने गर्छ । अनुसन्धानकर्ताले यस ठाउँमा पुग्दा पूरानो ईटाको टुक्रा देखेका थिए । यो गढ १० विग्हामा फैलिएको अनुमान गर्न सकिन्छ। यो एउटा सानो जंगलजस्तै छ। अन्य खेतभन्दा यो गढ उचाईमा छ। गढका जग्गा विभिन्न ब्यक्तिको नाम कायम छ अर्थात यो नीजि सम्पति हो ।

गदहवा गढभन्दा तीन किलोमिटर दक्षिण पश्चिममा पुग्दा त्यहाँ डुमरिया गढ छ।यस गढमा खन्दा,जोत्दा पूरानो ईटा भेटिने गर्छ। यो ठाउँ पनि १० विग्हाकै हाराहारीमा हुनसक्छ। गढमा रुख विरुवा लगाइएका छन् भने अन्नबाली सुकाउने गरिन्छ। योभन्दा केही टाढा पिपरहयि गढ छ। यहाँ एउटा पोखरी छ।त्यस्तै नजिकै भलुवाह डिह भनेर भनिएपनि त्यहाँ त्यस्तो कुनै अवशेष भेटिएको छैन । यी गढहरु बीरजा(बिग्ही), दुधमति एवं जलाद नदीले घेरिएका छन्।बाढीको बेला दुधमति र जलाद नहर संयुक्त घाँघर नदीको रुपमा बग्न थाल्दछ ।

**चौथो खण्ड**

***एतिहासिक सम्पदा संरक्षणमा सैनिकको भूमिका***

मकवानपुर सेन राज्यले अघिल्लो राज्य ब्यबस्थामा रहेको धार्मिक तथा एतिहासिक सम्पदाहरूको संरक्षण र सम्वर्द्धनकै कारण जलेश्वर, मटिहानी, भगवतीपुरसहितका नान्यकालिन गढहरू सुरक्षित थिए । सेन राज्यमागि गोर्खालीको विजय पश्चात् महोत्तरीको विभिन्न क्षेत्रमा रहेको एतिहासिक सम्पदाको संरक्षणकै लागि जलेश्वरमा सेनाको एक टुकुडी राखिएको थियो । सैनिकले तालिम गर्ने स्थललाई जलेश्वरमा अझैसम्म छपकैया भन्ने गरिएको छ।यो ठाउँमा अहिले खेती

गरिन्छ । त्यसपछि जलेश्वरमा जर्नेललाई बडाहाकिम बनाएर पठाउने गरेको समय १९९५ सालमा जर्नेल रामशमसेर जबराले आफ्नो नेतृत्वमा नागरिकसँग आर्थिक सहयोग उठाएर जलेश्व महादेव मन्दिरको पुनर्निमाण गराएका थिए । पुनर्निमाण गरिएको मन्दिर अझैसम्म जलेश्वरमा हेर्न सकिन्छ ।

वैष्णव सम्प्रदायको लक्ष्मीनारायण मठ महन्थलाई शाहवंशीय राजाहरूले मानमहन्थकै उपाधी दिएर हरेक कार्यमा सैनिक सहायता प्रदान गर्ने गरिएको थियो। जलेश्वर,मटिहानीलगायतका ठाउँमा हुने महाशिवरात्री एवं झुलापर्वलाई नागरिक-सैनिकको सम्बन्धकै कारण अधिक महत्व दिने गरिन्छ। रतवारा मठमा झण्डै दुईसय बर्ष अगाडि सेनाले चढाएको ठुलो घण्टाले सेनासँग यस क्षेत्रको सम्बन्ध झल्काउँछ ।

नागरिकले समेत सैनिकको यी कामहरुको सराहना गर्नेगर्छन।विभिन्न महोत्सवहरूमा नागरिक-सैनिकले संयुक्त रुपमै चेतनामूलक कार्यक्रम, वृक्षरोपनसहितका कार्यक्रम गर्दै आएका छन्।जलेश्वर महादेव मन्दिरको गुफामा रहेको जल निकालेर सर्वसाधारणलाई शिवलिङ्गको दर्शन गराउन प्रत्येक महिना नेपाली सेनाले योगदान गर्दै आएका छन् । यी उदाहरणहरूले यस क्षेत्रमा सैनिक र नागरिकबीच हातेमालो भइरहेको देख्न सकिन्छ ।

**पाँचौ खण्ड**

***सिन्धुलीगढीको युद्ध संग्रहालय र पर्यटन***

सिन्धुली अर्थात गढीहरूको इतिहास बुझ्न सकिने ठाउँ, अहिले यो जिल्ला बागमती प्रदेशमा पर्छ। सिन्धुलीगढीमा कमलामाई नगरपालिकासँगको सहकार्यमा नेपाली सेनाले ८ करोडको लागतमा सन् १७६७ (बि.सं १८२४) गोर्खाली-इष्ट इन्डिया कम्पनी युद्धको झलक दिने युद्ध संग्रहालय स्थापना गरि सर्वसाधारणको लागि खुल्ला गरेको छ। महोत्तरीको मटिहानी नेपाल भारत सीमानाकाबाट यो संग्रहालय ११० किलोमिटर उत्तरतर्फ काठमाण्डौ जाने बाटोमा पर्छ।युद्ध संग्रहालयमा राखिएका पूराना समानहरूसागै अन्य जानकारी राख्नुभन्दा पहिला सिन्धुलीको इतिहास चर्चा गर्दा यो लेखले सार्थकता पाउनेछ ।

सिन्धुली नाम मकवानपुरका राजा लोहाङ्ग सेनका पुत्र राधव नरेन्द्र सेनले जुराएको छ(जिल्ला जनसंख्या पार्श्वचित्र सिन्धुली) । एकजना सिद्धबाबाको नामबाट एवं तामाङ्ग समूदायले प्रयोग गर्ने सिङ्थुजी शब्दबाट सिन्धुली हुन गएको तर्क समेत गर्ने गरिएको छ।यी तीनवटै तर्कलाई सिन्धुली जिल्लाको नामाकरण सन्दर्भमा हेर्ने गरिन्छ।सिन्धुलीमा मकवानपुर राज्यको शासन ब्यबस्था र बसोबासका व्यवस्थापन हुँदा काठमाण्डौ उपत्यका राज्य र तिरहुत लगायत अन्य राज्यहरूमा ब्यापार हुन सहज थियो ।

हुनतः पहाडी इलाकाको बागमती किनारमा मकवानपुर राज्य स्थापना र संचालन हुन अगावै सिमरौनगढका राजा हरिसिंह देवले हरिहरपुरगढीमा केही समय राज्य संचालन गरेका थिए । सन् १३२४ मा दिल्लीका सुलतान गयासुद्दिन तुगलकसाग पराजित भएपछि उनी सन् १० ९७ बाट शासन गरिरहेका पुर्खोली राज्यबाट पलायन भई हरिहरपुरमा गढ निर्माण गरेर शासन ब्यबस्था संचालन गरेका थिए। हरिहरपुरगढी राज्य संचालन भएको बर्षदिन पुग्न लाग्दा सेन राजाले त्यहाा कब्जा जमाएको केही इतिहासकारले लेखेका छन् ।

केहीले हरिसिंह देव आफ्ना फौजलाई जिम्मा लगाएर अगाडि बढेको उल्लेख गरेका छन् । केही समय पहिला नै काठमाण्डौमा आक्रमण गरि तहसनहस बनाएको शरणमा जान नचाहेकोले बिस्तारै फोज तगार गर्दै अगाडि बढ्ने निर्णय गरेको पाइन्छ। हरिसिंह देव त्यहाँबाट पलायन हादा तीनपाटनमा उनको मृत्यु भएको इतिहासमा उल्लेख छ।उनका मन्त्री र फौजले दोलखादेखि बनेपासम्म बिजय गरि केही समय बसेका थिए। पछि राजा हरिसिंहदेवका छोरा जगतसिंहले भक्तपुरकी राजकुमारीसाग विवाह गरि त्यतै शासन ब्यबस्था संचालन गर्न थाले ।

पाल्पाबाट राज्य विस्तार गरेका मुकुन्द सेनले कान्छो छोरा लोहाङ्ग सेनलाई सन् १६०९ मा राज्य गर्न दिएको उल्लेख छ। लोहाङ्ग सेनले मकवानपुरदेखि पूर्वमा महानदी, पश्चिममा बेतिया,उत्तरमा तिब्बत तथा दक्षिणमा पूर्णियासम्म बिस्तार गरेको उल्लेख नेपालको इतिहासमा पाइन्छ।लोहाङ्ग सेनपछि राधव नरेन्द्र सेन,हरिहर इन्द्र सेनसहितकाले शासन गरेका थिए ,पछि हरिहर इन्द्र सेनले मकवानपुर राज्यलाई विभिन्न उपराज्यमा विभाजन गरि सन्तानहरूलाई जिम्मा लगाएका थिए ।

राजा तुला सेनले मकवानपुरगढी निर्माण गरि राज्य संचालन गर्न थालेका थिए। तुला सेनकै नातिनी इन्द्र कुमारीसँग पृथ्वीनारायण शाहको विवाह भएको थियो। यो राज्यमा पृथ्वीनारायण शाहले सन् १७६३ मा आधिपत्य जमाउन सफल भएका थिए। त्यसपछि उपत्यकामा नाकाबन्दी लगाई आक्रमण गर्न थाले। सन् १७६७ मा किर्तीपूरका राजा जय प्रकाश मल्लले सहयोगको लागि कम्पनि सरकारलाई पत्राचार गरेपछि क्याप्टेन किनलकको नेतृत्वमा पटनाबाट फकिर रामदास कहाँ पुग्ने र त्यसपछि जनकपुर-सिन्धुलीको यात्रा चारदिनमा गर्ने तय गरिएको थियो। सिन्धुलीगढी युद्ध संग्रहालयमा हुनतः यसबारे डकुमेन्ट्री समेत तयार गरिसकिएको छ। यो भिडियो अवलोकनकर्ताको लागि प्रर्दशन गरिनेछ।

अंग्रेज सैनिक सिन्धुलीमा लडाई लड्न गएको अवस्थाबारे पुर्वजहरू हुँदै पंक्तिकारसम्म आइपुगेको जानकारी यस्तो छ।अंग्रेज सैनिक आउने चर्चाले जलेश्वरमा जमिनमुनि खाल्डो खनिएको थियो। त्यसको माथि छाप्रो राखिएको थियो। राती भएपछि सबैजना त्यसमा बस्थें। गाई गोरूलाई उनीहरु बसेको भन्दा टाढा राख्थे।घर नजिकै सेन राजाको गढी भएकोले बढी सचेत भएर बस्नुपरेको थियो।सेनाले खाना मागे दिनुपर्ने, लडाई लड्न संगै जानुपर्ने, त्यो नगरे हत्या गरिदिने हल्ला चलेको थियो।

युद्ध संग्रहालयमा तत्कालिन समयमा किनलकको आधुनिक फौजलाई हराउन प्रयोग भएका घरेलु हतियारहरू राखिएका छन् भने अंग्रेज फौजबाट लुटिएका तोप र बन्दुक छन्। गोर्खाली सेना र अंग्रेज सेनाको प्रतिनिधित्व हुने तस्विर तथा संकेत राखिएका छन्।साथै अंग्रेज सेनालाई खाद्यान्न उपलब्ध नगराउने र सहयोग नगर्ने जनकपुर क्षेत्रका अगुवाहरूबारे अनुसन्धान सम्पन्न उनीहरूको तस्विर वा संकेत राख्ने तयारी भइरहेको छ।

यस क्षेत्रमा २५४ बर्ष अगाडि भएको गोर्खाली र अंग्रेज युद्धबारे मौखिक कथाहरू एवं प्रमाणहरु संकलन गर्न यो अध्ययनले थोरै भएपनि मद्दत गर्नेछ।मकवानपुर अन्तर्गतका सेन राज्यहरूमा फरक फरक शासक रहेकोले गोर्खाली सेनाले मकवानपुरगढी र सिन्धुलीगढीमा बिजय प्राप्त गरेपनि तराईका अन्य क्षेत्रमा नियन्त्रण गर्न तिर हुत सरकारलाई तत्कालिन सेन राजाहरूले बुझाउने कर बमोजिम नै तिर्ने सम्झौता भएपछि यस क्षेत्रमा गोर्खा राज्यको विस्तार भएको थियो।

अंग्रेज फौज गोर्खालीसँग सिन्धुलीगढीमा हारेपछि काठमाण्डौसम्मको यात्राको तयारीका लागि किनलक रौतहट,बारा,पर्सामा केही समयसम्म कब्जा जमाएर सेनाको भरणपोषण गरेका थिए। क्यापटेन किनलक बिरामी भएर मई १०, १७६८ का पटनामा बितेका थिए (वेल,सन्२०१७-१८)।

## छैठौं खण्ड

### *निष्कर्ष*

नेपाली(गोर्खाली) सैनिकसँग सन् १७६७ मा हार खाएका अंग्रेज सैनिकको इतिहास धेरै पूरानो भइसकेको छ।पुस्तान्तरको अवधि २५ बर्ष रहेकोले अहिले ७ औं देखि १० औं पुस्ताका मानिसहरू भेट्टाउन सकिन्छ। त्यस अवधिका घटना वा दृश्य जस्ताको त्यस्तै मौखिक रुपमा पक्कै पनि अहिले पुस्तासम्म जीवन्त ढंगले आउने सक्ने सम्भावना अत्यन्त कम छ।अध्ययनको क्रममा समेत त्यो भोगाई रहेको छ।

अंग्रेज सेनाको नेतृत्वकर्ता किनलकको डायरीमा लेखिएको ठाउँबारे अध्ययन गर्दा जलादवास उनीहरु आक्रमाणको तयारीका लागि बसेको पूरानो गढ(गधहवा) नजिकै छ। जलाद नदीको किनारलाई जलादवास भनिएको हो।अध्ययनको क्रममा प्राप्त मौखिक जानकारी अनुसार अंग्रेजको सैनिक मटिहानीकै वरपरको गढहरूमा बिश्राम गरेका थिए। अत्याधिक बर्षा र बाढीको कारण उनीहरूको जनजीवन निकै कष्टकर बनेको थियो। रामदास र व्यापारी दानदेवको असहयोगले पनि नेपाली सेनालाई फाइदा भएको निष्कर्षमा पुग्न सकिन्छ।

नेपाली सेनाको योद्धा, अंग्रेज सेनालाई असहयोग गरेका स्थानीय तथा दृश्मन सेनाको नाइकेको सम्मानका लागि मटिहानीमा स्मारक बनाउन सकिन्छ। यस क्षेत्रमा १७७५ सालमै स्थापित संस्कृत पाठशाला (हाल संस्कृत राजकीय माध्यमिक विद्यालय) को सम्वर्द्धन, अंग्रेज असहयोग संग्रहालय बनाउन सकिन्छ। संग्रहालयमा तत्कालिन समयका हतियार, भाँडावर्तन, गढीको ईटाहरु र सेन एवं शाहवंशीय राजाहरूद्वारा प्रदान तामपत्र प्रदर्शनका लागि राख्न सकिन्छ। मटिहानीमा नेपाली सेना र नागरिकबीचको सहकार्य राम्रो छ (मंडल,२०७८)धर्मशाला र संस्कृत पाठशालामा भोजनालय निर्माणमा सेनाको सहयोग छ।

संविधानको वर्तमान व्यवस्थाले नागरिक-सेना सम्बन्धका लागि उचित र यथेष्ट आधार प्रदान गरेको छ। अब भनेको यिनको समुचित कार्यान्वयन हो (पोखरेल,२०७२)। नेपाली सेनाले यस क्षेत्रका नागरिकको विपद्मा उद्धार र राहत प्रदान गर्दै आएको छ। समय समयमा स्वास्थ्य शिविर समेत आयोजना गर्दै आएको छ। यदी हुँदा पनि प्रमुख जिल्ला अधिकारीको इशारामा अधिकारमुखि आन्दोलनमा शक्ति प्रदर्शन गर्न सेनालाई सडकमा आउनुलाई यस क्षेत्रका नागरिकले त्यति राम्रो मानेका छैनन्। सेनाले गरेको राम्रो काममा सर्पदंश उपचार केन्द्रको सराहना गर्ने गरिएको छ। त्यही नागरिकसँग सम्बन्ध बिस्तारका लागि स्थायी अस्पताल र आधारभूतदेखि उच्च अध्ययन गर्ने विद्यालय स्थापनाको माग सेनासमक्ष यस क्षेत्रका बासिन्दाले पुऱ्याई सकेका छन्।

योजनावद्ध तरीकाले सुरक्षा अंगका नाराम्रा पक्षमात्र देखाइयो भने सेनाले जनताको साथ पाउँदैनन र जनताबाट अलग्गिनु पर्दछ भने सेनाको मनोवल तल झर्छ।यसबाट स्वदेशी तथा परदेशी राज्यको विरोधीहरूले फाइदा उठाउँछन्। सेनाको मनोवल जनताको स्यावासी हो (वस्न्यात,डा.प्रेमसिंह,२०७६)। सीमानाको छेउमा बस्ने नागरिक राज्यको विना वर्दीवाला सेना हो।सीमाना क्षेत्रमा देशको सार्वभौमिकता, राष्ट्रिय सुरक्षामा संकट, तेस्रो देशका नागरिकको अवैध घुसपैठसहितको सूचना नेपाली सेनालाई दिन हरदम तयार रहोस्। सेना र नागरिकको सम्बन्ध राम्रो नभएको खण्डमा राष्ट्रिय असुरक्षा उत्पन्न गराउने समूहको हालीमुहाली हुन जान्छ।

भारतसँगको खुल्ला सिमानाका कारण तेस्रो मूलुकका नागरिक अनधिकृत चोरबाटो भएर देशकै राजधानी काठमाडौंसम्म पुगेको गरेका छन्। सहजै शरणार्थी बन्न सक्ने प्रलोभन अथवा अन्य आपराधिक उद्देश्यका साथ अनधिकृत रूपमा नेपाल प्रवेश गरि सुरक्षा चुनौतीमा सतर्कता अपनाउन बाध्यात्मक अवस्था श्रृजना गरेको छ।मधेश प्रदेशको विरगंजमा मात्र अध्यागमन कार्यालय रहेपनि तेस्रो मुलुकका नागरिक समेत अनधिकृत ढंगले नेपाल प्रवेश गरेको उदाहरण भेटिन्छन्।

सिमानामा सशस्त्र र नेपाल प्रहरीको उपस्थिती रहेपनि तेस्रोमूलकका अनधिकृत नागरिकको निगरानीका लागि नेपाली सेनाको युनिट रहेको देखिन्न। मधेशका नागरिकसँग समन्वय र सहयोग आदान प्रदान भए यस्ता सूचनामाथि नेपाली सेनाले सहजै पहुँच बनाउनसक्छ।

**सन्दर्भ सामग्री सूची**

उपाध्याय,चन्द्रशेखर,२०६५ साल।मटिहानी-महिमा,।

कर्ण,बृजनारायण(७८),सन् २०२१ नोभेम्बर ३०, मटिहानी नगरपालिका-८ मा अन्तर्वार्ता लिइएको।

कापर, ज्ञानेन्द्र(४६),सन्२०२१ डिसेम्बर ११, मटिहानी नगरपालिका-६ मा अन्तर्वार्ता लिइएको ।

खत्री, टेक बहादुर,२०४१साल शाही नेपाली सेनाको इतिहास । श्रीमती शारदा कुमारी के.सी.।

जिल्ला जनसंख्या पार्श्वचित्र सिन्धुली २०७० साल । जिल्ला स्वास्थ्य कार्यालय,जिल्ला बिकास समिति । *https://dccsindhuli.gov.np/wp-content/uploads/2016/01/Population-Profile-2070.71.pdf*

तिमिल्सिना,डा. अंगराज।सन् २०२०,नागरिक-सैनिक सम्बन्धः वर्तमान अवस्था, चुनौती र अवसर । युनिटी जर्नल १,नेपाली सेना । थापा, दिवेश वरसिंह । सन् २०२१, राष्ट्रिय हित प्रर्वद्धनमा सैनिक-नागरिक सम्बन्धको महत्व । युनिटी जर्नल २, । नेपाली सेना ।

पोखरेल, कृष्ण, २०७२ साल चैत १०,नागरिक-सेनासम्बन्धकाआयाम ।https://ekantipur.com/ampnews/2016-03-23/20160323084632.html

पौडेल,ईश्वरीप्रसाद,सन् २०२१ नोभेम्बर ३०,प्रधानाध्यापक राजकीय संस्कृत माध्यमिक विद्यालय मटिहानी। मा अन्तर्वार्ता लिइएको ।

बस्न्यात,डा.प्रेमसिंह,२०७६ साल चैत २०, नेपालमा नागरिक-सेना सम्बन्धका आयामहरु । https://deshsanchar.com/2020/04/02/335380/

महतो,राजकुमार(५०)सन् २०२१ डिसेम्बर ११,मटिहानी नगरपालिका-३ आवरमा अन्तर्वार्ता लिइएको ।

मंडल,सीताराम(६५)सन् २०२१ डिसेम्बर ११,मटिहानी नगरपालिका-३ डुमरियामा अन्तर्वार्ता लिइएको ।

मंडल,हरिप्रसाद,सन् २०२१ नोभेम्बर ३०, मेयर मटिहानी नगरपालिकामा अन्तर्वार्ता लिइएको ।

यादव, छोटेलाल(५२)सन् २०२१ डिसेम्बर ११, मटिहानी नगरपालिका-३ डुमरियामा अन्तर्वार्ता लिइएको ।

राय, ध्रुव(५८)उपप्राध्यापक, सन् २०२१ डिसेम्बर १।रामानन्दन विश्वेश्वर महेन्द्र क्याम्पस जलेश्वरमा अन्तर्वार्ता लिइएको ।

रासस, २०७८ साल जेठ १२, २५६५ औं बुद्ध जयन्ती मनाईंदै ।

लिम्बू, कमल तिगेला । 2008 Oct 23 लिम्वूवानको सिमाना एक प्रमुख चर्चा ,http://limbu-wan.blogspot.com/2008/10/blog-post_23.html

स्थानीय तह वस्तुगत विवरण सप्तरी, २०७५ । तथ्यांक कार्यालय सुनसरी इनरवा(सुनसरी/सप्तरी)

साह,सरजुग(६२) सन् २०२१ डिसेम्बर ११, मटिहानी नगरपालिका-३ आवरमा अन्तर्वार्ता लिइएको ।

साहु,योगेन्द्र प्रसाद(७५),सन् २०२१ नोभेम्बर ३०, मटिहानी नगरपालिका ८ मा अन्तर्वार्ता लिइएको ।

Basnyat, P. (2019 August 18) The Battle of Sindhuli. *MyRepublica.* https://myrepublica.nagariknetwork.com/news/the-battle-of-sindhuli/

Basnet, R. (2020 November 10). Sindhuli Gadhi: History that deserves to to be remembered. *MyRepublica. https://myrepublica.nagariknetwork.com/news/sindhuli-gadhi-history-that-deserves-to-to-be-remembered/*

Bell, T. (2012 December 21) Diary of a disastrous campaign. *Himal Magazine*. https://www.himalmag.com/diary-disastrous-campaign/

Bell, T. (2017-2018). What Happened to Kinloch's Expedition to Kathmandu? *European Bulletin of Himalyan Research,Autumn 2017-Spring* 2018, 7-32

Cannadine, D. & Simon, P, (1993 May 28) *Rituals of Royalty: Power and ceremonial Traditional Societies* . Cambridge University Press

Ellis, S.M. (2019 September) *Neither the Hills nor Rivers will Obstruct: Revisiting the East India Company's 1767 Expedition to Nepal.* The University of Leeds School of History

Shah, M. (2012). Mir Qasim. In Islam, Sirajul; Jamal, Ahmed A. (eds.). *Banglapedia: National Encyclopedia of Bangladesh* (2nd ed.). Asiatic Society of Bangladesh.